# बबई गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

हापुरे,दाङ , ५ नं. प्रदेश, नेपाल

## ह्युमपाइप खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मितिः२०७५।०१।१६

१. यस कार्यालयका लागि तपशिल बमोजिमका सामानहरु खरिद गर्नुपर्ने भएकोले इच्छुक कम्पनी, फर्म, संस्थाहरुवाट निम्न लिखित शर्तहरुको अधिनमा रही सिलवन्दी दरभाउ पत्र आह्वान गरिएको छ ।

| क्र.स. | ठेक्का नं. | सामानको विवरण | मुअकर सहित लागत अनुमान |
|---|---|---|---|
| 1. | 07/2074/2075 | Supply of Hume pipes(45,60,& 90) diameter as per approved specification | Rs 14,46,603.40 |

२.खरिद गर्ने इच्छुक फर्मले देहाएका कागजातहरु पेस गर्नु पर्ने छ ।

(क) फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्रको प्रतिलिपि ।

(ख) व्यवसाय दर्ताको प्रमाणपत्रको प्रतिलिपि ।

(ग) VAT दर्ता, PAN दर्ताको प्रमाणपत्रको प्रतिलिपि ।

(घ) आ.ब. २०७३/२०७४ सम्मको कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि ।

३. शिलवन्दी दरभाउपत्र फारम रु.१०००।०० (अक्षरुपी : एक हजार मात्र) फिर्ता नहुने गरी नगदै जम्मा गरेको सक्कल नगदी रसिद वा नेपाल बैंक लिमिटेड घोराहीमा रहेको यस गाउंपालिकाको खाता नं. ०२७०३०००००००४००१०४९ मा जम्मा गरेको भौचर यस कार्यालयवाट यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन सम्म खरिद गरी १६ औ दिनको १२:०० बजेभित्र दाखिला गरिसक्नु पर्ने छ ।

४. Item Wise दररेट अंक र अक्षर दुवैमा लेखिएको हुनुपर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको लाई मान्यता दिईनेछ ।

५. दर्ता भएका शिलवन्दी दरभाउपत्रहरु १६ औ दिनको २ :०० वजे शिलवन्दी दरभाउपत्र पत्रदाता वा निजका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ । दरभाउपत्र दाता वा निजका प्रतिनिधि उपस्थित नभए पनि खोल्न कुनै बाधा पर्ने छैन ।

६. शिलवन्दी दरभाउपत्रको मान्य अवधि दाखिला हुने अन्तिम मितिवाट ७ दिनको हुनेछ । दरभाउपत्रमा जमानत वापत कवुल अंकको २.५ प्रतिशत धरौटी रकम ( पछि फिर्ता हुने गरी ) यस कार्यालयको नाममा नेपाल बैंक लिमिटेड घोराही दाङमा रहेको धरौटी खाता नं. ०२७०३००००००००३०००१० मा जम्मा गरेको भौचर वा “क”वर्गको कुनै पनि वैकले यस बबई गाउपालिकाको कार्यालयका नाममा जारी गरको विड बन्ड पेश गर्नु पर्नेछ । साथै शिलवन्दी दरभाउपत्र स्वीकृत भएमा कार्य सम्पादन जमानत बापत ५ प्रतिशत रकम वा “क”वर्गको कुनै पनि वैंकले बबई गाउपालिकाको कार्यालयका नाममा जारी गरेको Performance Bond पेश गर्नु पर्ने छ ।

७. शिलवन्दी दरभाउपत्र स्विकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

८. यो सुचनामा उल्लेख हुन छुट भएका कुराहरु सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रचलित कानुन बमोजिम हुनेछ ।

९. विस्तृत जानकारीका लागि यस बबई गाउंपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

प्रमुख प्रशासकिय अधिकृत